**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २२ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- भारतीय जनता पार्टीले उत्तर बंगालका सबै ८ जिल्लाहरुका उम्मेद्वारहरुलाई लिएर सिलगढ़ीमा एउटा महत्तवपूर्ण सांगठनिक बैठक गरेको छ।
- राज्यमा हुन गइरहेको विधान सभा चुनाउ अघि मुख्यमंत्री ममता ब्यानर्जी आगामी बुधवार उत्तर बंगाल भ्रमणमा आउनेहुनेछ।
- दार्जीलिङ् विधान सभा क्षेत्रबाट भाजपाको उम्मेद्वार नोमन राईलाई गोजमुमोले पनि आफ्नो समर्थन दिने आज घोषणा गरेको छ।
- प्रधानमंत्री नरेन्द्र मोदी देशमा कुनै निर्वाचित सरकारको सबैभन्दा अधिक समय सम्म नेतृत्व गर्ने शासनाध्यक्ष बन्नु भएको छ।
- प्रधानमंत्री नरेंद्र मोदीले आज पश्चिम एशियाको परिवर्तन भइरहेको स्थितिको मद्देनजर पेट्रोलियम, काँचो तेल, गैस, विध्युत अनि उर्वरक क्षेत्रहरुको स्थितिको समीक्षाको लागि एक उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुभएको छ।
- दार्जिलिंग पहाड़को उच्च स्थलहरु संदकफु अनि फालुटमा भारी मात्रामा हिउँ परेको खबर प्राप्त भएको छ।

**भाजपा उत्तरबंग उम्मेद्वार बैठक**

भारतीय जनता पार्टीले उत्तर बंगालका आफना सबै उम्मेद्वारहरूलाई लिएर आज सिलगढ़ीमा एउटा महत्वपूर्ण बैठक गरयो। बैठकमा पार्टीका राज्य चुनाव प्रभारी अनि केन्द्रीय मन्त्री श्री भूपेन्दर यादय, पार्टीका राज्य प्रभारी मंगल पाण्डे, तथा केन्द्रीय महासचिव श्री सुनिल बन्सल उपस्थित थिए।

*बाइट*

**उत्तर बंगाल-ममता**

राज्यको मुख्यमंत्री एवं तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले उत्तर बंगाल भ्रमण गरी आफ्नो चुनावी अभियानको शुरुआत गर्नुहुनेछ। आगामी बुधवार मुख्यमंत्रीले माटीगाड़ा-नक्सलबाड़ी विधानसभा क्षेत्रमा तृणमूल उम्मेद्वार शंकर मालाकारको समर्थनमा नक्सलबाड़ीको नंद प्रसाद बालिका विद्यालय मैदानमा जनसभालाई संबोधन गर्नुहुनेछ। मुख्यमंत्रीको भ्रमणलाई लिएर सभास्थलमा तैयारीहरु चलिरहेको छ। हेलीपैड निर्माणदेखि लिएर हेलिकॉप्टरको ट्रायल रन पनि पुरा गरिएको छ। कार्यक्रमलाई लिएर मानिसहरुमा धेरै उत्साह रहेको पनि बताइएको छ। तृणमूल कंग्रेस सूत्र अनुसार, मुख्यमंत्री आगामी बुधवार दिउँसो लगभग दुइ बजे बागडोगरा पुग्नुहुनेछ, जहांबाट हेलीकॉप्टरको माध्यमबाट उहाँ सोझै नक्सलबाड़ी सभा स्थल जानुहुनेछ। यस भ्रमणको अवधि मुख्यमंत्रीले डाबग्राम-फूलबाड़ी अनि जलपाईगड़ी जिल्लाको मयनागुड़ीमा पनि जनसभाहरुलाई सम्बोधन गर्नुहुनेछ। उत्तर बंगालमा चुनावी वातावरण बीच मुख्यमंत्रीको यो भ्रमण राजनैतिक दृष्टिकोणबाट धेरै अहम मानिन्दैछ।

**निर्वाचन आयोग-मतदान केंद्र**

निर्वाचन आयोगले पश्चिम बंगाल साथै मतदान हुन गइरहेका अन्य राज्य तथा केंद्र शासित प्रदेशहरुमा मतदान-केंद्रहरुमा न्यूनतम आवश्यक सुविधाहरु सुनिश्चित गर्ने निर्देश दिएको छ। यसमा सहायता बूथ, पिउने पानी, छायादार प्रतीक्षा क्षेत्र, शौचालय, दिव्यांगहरुकालागि सुविधाहरु, मानक मतदान-कक्ष शामेल छन्। आयोगले जागरूकता बढ़ाउनका लागि मतदान-केंद्रहरुमा पोस्टर लगाउने निर्देश पनि दिएको छ। यस पोस्टरमा मतदान-केंद्रको विवरण, उम्मेदवारहरुका सूची, के गर्ने अनि के नगर्ने, मान्य पहिचान दस्तावजहरुको सूची अनि मतदान प्रक्रियाको जानकारी शामेल हुनेछ।

**सिलगढ़ी विवाद**

राज्यमा हुनगइरहेको विधानसभा चुनाव नजीक आइरहेको छ भने उत्तर बंगालमा राजनैतिक तापमान पनि तिव्र गतिमा बढ़्दै गइरहेको छ। यसै क्रममा सिलगड़ी नगर निगम को वार्ड नंबर 44 को दशरथपल्ली क्षेत्रमा चुनाव प्रचारको अवधि भाजपा उम्मीदवार शिखा चटर्जी अनि तृणमूल कांग्रेस का पार्षद तथा बोरो चेयरमैन प्रीतिकणा विश्वास बीच देशभक्ति अनि हिंदुत्व जस्ता

मुद्दाहरुमा बहसबाजी चलेको छ। काँड़ेतार फेंसिंग, सिमा सुरक्षा तथा सिमा सुरक्षा केन्द्र सरकारको जिम्मेदारी रहेको मुद्दाहरुलाई लिएर पनि विवाद भएको बताइएको छ।

**गोजामुमो-बैठक**

आगमी बिधान सभा चुनाव विषय लिएर दार्जीलिङ महकुमा अन्तर्गतका १७ वटा समष्टि प्रतिनिधिहरूलाई लिएर गोर्खा जनमुक्ति मोर्चा केन्द्रिय पार्टी कार्यालय सिंहमारीमा केन्द्रिय संस्थापक अध्यक्ष बिमल गुरुङको सभापतित्वमा एक महत्वपूर्ण सभा आज सम्पन्न गरियो। बैठकमा पार्टीले भाजपाको टिकटमा उठाएको आफ्नो उम्मेदवार नोमन राईलाई स्वागत जनायो। यस बैठकमा दार्जिलिंग विधानसभा सीटमा उम्मेदवारको विजय सुनिश्चित गर्ने विषयमा गहन छलफल गरियो। प्रचार अभियानको रूप रेखाबारे पनि छलफल गरियो। सभाको अध्यक्षता गर्दै अध्यक्ष बिमल गुरुङले आफ्नो सम्बोधनमा यसपटकको बिधान सभा चुनाउमा दार्जीलिङ बिधानसभा क्षेत्रबाट आफ्ना उम्मेदवार श्रीमान नोमन राईलाई सम्पूर्ण समष्ठि, शाखा प्रशाखा साथै बुथ कमिटीका सदस्यहरू एकजुट बनक सक्रिय बनेर भारी बहुमतले बिजय गराउन लागि पर्नुपर्छ भन्ने आह्वान गरेका छन्।

**चुनाउ-सुरक्षा व्यवस्था**

राज्यमा आगामी विधानसभा चुनाव लाई लिएर पहाडका विभिन्न क्षेत्रहरूमा सुरक्षा व्यवस्था बलियो बनाइएको छ। यसै क्रममा भारतीय चुनाव आयोगद्वारा जारी गरिएको आचार संहिताको पालन गर्न सम्पुर्णमा अनुरोध गर्दै कालेबुङका पुलिस अधिक्षक अपराजिता राईले आज कुनै प्रकारको भय, कुनै प्रकारको प्रभाव बिना शान्तिपुर्ण रुपमा चुनाव सम्पन्न गर्न आह्वान गर्नुभएको छ। उहाँले जनतालाई सतर्क रहन अपिल गर्नुहुँदै राजनैतिक दलहरूले कुनैप्रकारको उक्सावतिर नगइदिने अनि कुनै समस्या भए पुलिस, जिल्लापाल वा बीडीओलाई जनाउन वा टोल फ्री नम्बर 112 मा सम्पर्क गर्न अनुरोध गर्नुभएको छ।

*BYTE SP APARAJITA RAI*

यसै गरी विधानसभा चुनावलाई मध्यनजर गर्दै कालेबुङ जिल्ला पुलिस र केन्द्रीय बाहिनीद्वारा कालेबुङका विभिन्न ग्रामीण क्षेत्रहरूमा रुट मार्च गरिरहेको छ। यस अवधि कालेबुङ जिल्ला पुलिसका डीएसपी भानु राईको अगुवाईमा पुलिस र केन्द्रीय बाहिनीले जनतासम्म पुगेर सुरक्षा व्यवस्थाको निगरानी गरिरहेका छन्। डीएसपी भानु राईले जनताले कुनै प्रकारको भयबिना आफूले रुचाएको उम्मेदवारलाई भोट दिन सकोस् भन्न खातिर आफूहरूले प्रत्येक दिन रुट मार्च गरिरहेको बताउनु भएको छ।

*BYTE DSP BHANU RAI*

**बरबुंग-उम्मेद्वार**

राज्यमा आगामी बंगाल विधानसभा चुनावमा खरसाङ विधानसभा समष्टिमा श्रमजीवि पहलबाट खरसाङको बरबुङ बस्ती निवासी सुमेन्द्र तामाङले स्वतन्त्र प्रार्थीको रुपमा चुनाव लड्ने घोषणा गरेका छन्। यस विषयमा आज खरसाङमा पत्रकार सम्मेलन गरेर श्रमजीवी पहलका प्रतिनिधिहरुले यो जानकारी दिएका छन्। पत्रकारहरुलाई सम्बोधन गर्दै श्रमजीवी पहलका प्रतिनिधिहरुले यस अघिका चुनाउहरुमा अन्य उम्मेद्वारहरुलाई भोट दिएर जिताएर पठाउने गरेको तर श्रमिकहरुको पक्षमा केही नगरिएको र यसपाली आफुहरुले आफ्नै प्रार्थी चुनावमा तयार पारेको बताए। यस अवसरमा श्रमजीवी पहलका स्वतन्त्र प्रार्थी सुमेन्द्र राईले उनीहरुको मांग- नो भोट टु बीजेपी र नोट भोट टु तृणमूल रहेको तथा यसपाली युवा प्रतिनिधिको रूपमा आफु अघि आएको बताका छन्।

**भागोप्रामो-खरसाङ्ग**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ टाउन कमिटीको पहलमा आगामी विधानसभा चुनावको निम्ति बुथ कमिटी गठन गर्न हेतु खरसाङ नगरपालिकाको वार्ड नम्बर 12 अनि वार्ड नम्बर 15 चुनावी सभा साथै बुथ स्तरीय कमिटी गठन गरिएको छ। खरसाङको गोर्खा जनपुस्तकालय भवनमा सभा वरिष्ठ सदस्य हिरेन त्रिखत्रीको अध्यक्षतामा सभा सम्पन्न भएको छ।

**कालेबुंग**

भारतिय गोर्खा प्रजातान्त्रिक मोर्चा कालेबुङ जिल्ला महासचिव बारूद थापाले पत्रकार सम्मेलनमार्फत भाजपा दार्जिलिङका जिल्ला अध्यक्ष संजीब लामाको हालैको बयानप्रति कडा प्रतिक्रिया जनाएका छन्। थापाले विगतको आन्दोलनको प्रसङ्ग उठाउँदै संजीब लामा आन्दोलनका बेला सिक्किम पुगेर लुकेर बसेको व्यक्ति भएको आरोप लगाए।

**प्रधानमंत्री मोदी - शासनाध्यक्ष**

प्रधानमंत्री नरेन्द्र मोदी देशमा कुनै निर्वाचित सरकारको सबैभन्दा अधिक समय सम्म नेतृत्व गर्ने शासनाध्यक्ष बन्नु भएको छ। श्री मोदीले गुजरातका मुख्यमंत्री अनि देशको प्रधानमंत्रीको रुपमा संयुक्त रूपले 8 हजार 9 सय 31 दिनको कार्यकाल पुरा गर्नुभएको छ। यस अघि, पवन कुमार चामलिंग 8 हजार 9 सय 30 दिन सम्म सिक्किमको मुख्यमंत्री रहनु भएको थियो। आफ्नो लामो राजनैतिक करिअरमा, श्री मोदीको नाम धेरै अन्य रेकार्ड पनि छ। यसमा सबैभन्दा अधिक समय सम्म गुजरातको मुख्यमंत्री हुन अनि प्रधानमंत्री बन्न भन्दा अघि सबै भन्दा अधिक समय मुख्यमंत्री हुने रेकार्ड शामेल रहेको छ। श्री मोदी देशका प्रथम प्रधानमंत्री हुन् जसको जन्म स्वतंत्रता पछि भएको थियो अनि लगातार तीन पटक लोकसभा चुनाव जुत्नु भएका छन्।

**प्रधानमंत्री - पश्चिम एशिया बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम एसियामा बदलिँदो स्थितिको मद्देनजर पेट्रोलियम, काँचो तेल, ग्यास, बिजुली र उर्वरक क्षेत्रको स्थितिको समीक्षाका लाघि एक उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुभयो।नयाँ दिल्लीमा आयोजित यस बैठकको मुख्य उद्देश्य निर्बाध आपूर्ति, स्थिर रसद र देशभरि कुशल वितरण सुनिश्चित गर्नु थियो।रक्षा मंत्री राजनाथ सिंह, गृह मंत्री अमित शाह, वित्त मंत्री निर्मला सीतारमण, विदेश मंत्री डॉ. एस. जयशंकर, कृषि मंत्री शिवराज सिंह चौहान, पेट्रोलियम एवं प्राकृतिक गैस मंत्री हरदीप सिंह पुरी, वाणिज्य एवम उद्योग मंत्री पीयूष गोयल, रसायन तथा उर्वरक मंत्री जेपी नड्डा, नागरिक उड्डयन मंत्री के. राममोहन नायडू, बिजली मंत्री मनोहर लाल तथा सूचना एवं प्रसारण मंत्री अश्विनी वैष्णव लगायत कैयन गणमान्य व्यक्ति बैठकमा उपस्थित थिए।

**चैती छठ-ममता**

राज्यका मुख्यमंत्री ममता बनर्जीले लोक आस्थाको पवित्र महापर्व चैती छठ पूजाको अवसरमा राज्यवासीलाई हार्दिक शुभकामना दिनुभएको छ। ममता बनर्जीले आज सोशल मीडियामा लोक आस्थाको पवित्र महापर्व, चैती छठ पूजाको अवसरमा सबै निवासीलाई शुभकामना भनी लेख्नुभएको छ। उहाँले यस अवसरमा मानिसहरुको सुख, समृद्धि अनि मंगलकामनाको लागि पनि प्रार्थना गर्नुभएको छ।

**ममता श्रद्धाञ्जली**

राज्यका मुख्यमंत्री ममता बनर्जीले देश को लागि प्राणको बलिदान दिने वीर स्वतंत्रता सेनानी मास्टरदा सूर्य सेनको जयंतीमा उहाँलाई श्रद्धांजलि अर्पण गर्नुभएको छ। आज सोशल मीडिया मंच ‘एक्स’ मा एउटा पोस्ट गर्नुहुँदै मुख्यमंत्रीले, “वीर स्वतंत्रता संग्राम सेनानी, शहीद मास्टरदा सूर्य सेनको जयंतीमा उहाँलाई मेरो विनम्र श्रद्धांजलि अनि प्रणाम।” भनी लेख्नुभएको छ। उहाँले देशको सेवामा मास्टरदाको आत्मत्याग सदैव स्मरणीय रहने बताउनुभयो।

**बर्फबारी - दार्जिलिंग**

दार्जिलिंग पहाड़को उच्च स्थलहरु संदकफु अनि फालुटमा भारी मात्रामा हिउँ परेको छ भने विगत दुइ दिनदेखि दार्जीलिंगको तल्लो क्षेत्रहरुमा वर्षा भइरहेको छ। संदकफु तथा फालुटमा भारी मात्रामा हिउँ पर्नको कारण धेरै पर्यटकहरु क्षेत्रमा फँसेको पनि खबर प्राप्त भएको छ। पुलिसले बचाव अभियान शुरू गरिदिएको छ अनि पर्यटकहरुलाई प्रभावित स्थानहरुमा नजाने सलाह पनि दिइएको छ।

**तिब्बत - जातीय एकता कानून**

तिब्बतको निर्वासित सरकारका नेताहरुले चीन द्वारा पारित जातीय एकता अनि प्रगति प्रोत्साहन कानूनको कड़ा निंदा गरेको छ। उनीहरुले यसद्वारा तिब्बत अनि अन्य क्षेत्रहरुमा चीन को दमन अझ अधिक बढ़्ने बताएका छन्। यस महीनाको 12 तारीखको दिन चीनका राष्ट्रपति शी जिनपिंगद्वारा हस्ताक्षरित कानून यस वर्ष 1 जुलाईदेखि लागू हुनेछ।

**********